CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #२२

२४।१।२०७७

भ्रामक समाचार, हल्ला र अफवाहरुले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।



मे ५, २०२०, मंगलबारका दिन यु.ए.ई. स्थीत नेपाली दुतावास अगाडी उभिएका नेपाली श्रमिकहरु

तस्बिर: अनलाईन खबर




स्रोत: https://covid19.mohp.gov.np/#/

## सरकारले कोभिड -१९ को उपचारमा संलग्न जनशक्तिको लागि गरेको जोखिम भत्ता व्यवस्थापन

### सुरु तलबको १००% :

प्रत्यक्ष प्रयोगशाला परिक्षणमा संलग्न, आइसोलेशनमा राखिएका बिरामी र संक्रमण पुष्टि भएका बिरामीको नमुना संकलन गर्ने र उपचारमा प्रत्यक्ष संलग्न हुने जनशक्ति



### सुरु तलबको ७५% :

आइसोलेशनमा राखिएका बिरामी र संक्रमण पुष्टि भएका बिरामीको उपचारमा अप्रत्यक्ष संलग्न र ईमेजिङ सेवा प्रदायक जनशक्ति

### सुरु तलबको ५०% :

त्रिभुवन विमान स्थल, भारत र चिनका नाकामा स्थापना गरिएका हेल्थ डेस्कमा खटिएका, संकलन गरिएका नमुना प्याकिङ तथा संक्रमण पुष्टि भएकालाई ओसारपसार गर्ने जनशक्ति, क्वारेन्टाइनमा खटिएका, फिभर क्लिनिकमा खटिएका, आईसोलेन वार्डमा खटिएका, स्वास्थ्य आपतकालिन केन्द्रमा कार्यरत जनशक्ति

स्रोत: https://cutt.ly/vykbdGM

# हल्ला र तथ्य



बैशाख २६ गतेबाट विद्यालयले नयाँ भर्ना लिन पाउने भन्ने निर्णय गर्‍यो रे सरकारले ।

हाल सबै विद्यालयको भर्ना तथा पठनपाठन स्थगित रहेको हुँदा यस सम्बन्धमा नेपाल सरकारबाट अर्को निर्णय नभएसम्म कुनै पनि कक्षा वा तहमा नयाँ भर्ना नगर्नु, नगराउनुका साथै भर्नाका नाममा कुनै पनि किसिमको शुल्क लिने, अनलाईन पठन पाठनको नाममा शुल्क लिने वा बैंक खातामा रकम जम्मा गर्न लगाउने जस्ता कार्यहरु नगर्नु भनेर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सूचना जारी गरेको छ ।

स्रोत: https://cutt.ly/Oyj9z4g



औषधी निर्यातमा सरकारले पूर्ण भन्सार छुट दिएकोछ भन्ने सुनीन्छ ।

कोरोनाको संक्रमण रोकथाम तथा नियन्त्रण उपचारका लागि स्वास्थ्य मन्त्रालयको सिफारिसमा सो मन्त्रालय वा मन्त्रालयले तोकेका स्वास्थ्य संस्था वा स्थानमा हस्तान्तरण गर्ने गरी बिभिन्न संघ संस्था, निकाय वा व्यक्तिले सहयोग स्वरुप उपलब्ध गराएका कोरोना उपचारमा प्रयोग हुने औषधी, स्वास्थ्य सामाग्री र स्वास्थ्य उपकरणमा लाग्ने महशुल जेठ १४ गतेसम्मलाई छुट दिने भनेको हो ।



प्रशासनले जथाभावी ई-पास बाँड्दा भिडभाड बढ्यो भन्ने सुनिन्छ ।

जथाभावी आवागमनलाई नियन्त्रण गर्ने उद्देश्यले ई-पास लाई कडाई गर्न प्रशासनलाई नयाँ कदम चालेको छ । जस्तै जिल्ला प्रशासन कार्यालय काठमाण्डौले परिवारका सदस्यको मृत्यु संस्कारमा जानेहरुलाई मात्र ई-पास दिने निर्णय गरेको छ भने, केही जिल्लाका जोखिम हेरी ई-पासलाई पूर्ण रुपमा बन्द गरिएको छ ।

स्रोत: https://traffic.nepalpolice.gov.np/



राहत पाउनु पर्ने व्यक्तिले पाएका छैनन्, नपाउनु पर्ने व्यक्तिले लिईरहेकाछन् भनिनछ । यस्तालाई कस्तो कस्तो कारवाही हुन्छ ?

गलत विवरण पेश गरी राहत लिएको पाईएमा त्यस्ता व्यक्तिबाट सरकारी बाँकी सरह असुल गर्ने र राहत पाउनु नपर्ने परिवारले राहत लिएको पाइएमा राहत दिन योग्य भनी प्रमाणित गर्ने सम्बन्धीत वडा अध्यक्ष वा सदस्यले त्यसको जिम्मेवारी लिनुपर्नेछ ।

स्रोत: https://www.mofaga.gov.np/

## सूचनाका स्रोतहरु

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र

स्वास्थ्य र जनसंख्या मन्त्रालय

कोरोना कोष सञ्चालन निर्देशिका, २०७६

कोभिड(१९ को अवस्थाअ

कृषि तथा पशुपंछी विकास मन्त्रालय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय



accountabilitylab NEPAL

# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,५२,६६७ नेपाली | ८२,६३० नेपाली | २८,२७६ नेपाली | ४,३७,००९ नेपाली | २,३१,०८८ नेपाली | ८,२५० नेपाली | ४,६९,१३१ नेपाली | ५३,६९१ नेपाली |
| ३०,२५१ संक्रमित | ५,८०४ संक्रमित | ३,६७९ संक्रमित | १७,१४२ संक्रमित | १५,१९२ संक्रमित | २,७३५ संक्रमित | ६,३८३ संक्रमित | १०,८०६ संक्रमित |
| ४२ नेपाली संक्रमित | २१ नेपाली संक्रमित | ४९ नेपाली संक्रमित | २ नेपाली संक्रमित | ७१ नेपाली संक्रमित | | ३ नेपाली संक्रमित | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या

स्रोत: https://who.sprinklr.com/

ShramikSanjal

## विदेशमा के भईरहेको छ ?

**१. साउदी अरब:** साउदी अरबमा हालसम्म ४२ जना नेपालीहरु कोरोना संक्रमित भएको तथ्यांक बाहिरिएको छ। जस मध्ये जेद्दामा अधिकांश संक्रमितहरु रहेका छन्। माफीमा सहभागि हुने अनुमान गरिएको छ।





**२. कतार:** कोरोनाका कारण कतारका बिभिन्न कम्पनीमा कार्यरत नेपाली कामदारहरुलाई कम्पनीले बोलाएर इन्ड अफ सर्भिस (ग्र्याचुटी) भन्दै पत्रमा हस्ताक्षर गर्न लगाएको छ । त्यस्तै कतारमा कतिपय कम्पनीले काम नभएको भन्दै कर्मचारीहरुलाई फोर्स रिजाइन पनि दिन लगाएको छ । फोर्स रिजाइन गरेकाहरु पनि आफ्नो देशको उडान रद्द हुँदा कोठामै बस्न बाध्य भएका छन् ।

**३. मलेसिया:** नेपाली राजदूतावास मलेसियाले नेपालीहरुको तथ्यांक संकलन सुरु गरेको छ । यो फारम नेपाली दुतावासको फेसबुक पेज www.facebook.com/nepalembassykl मा भेट्न सकिन्छ । जसमा व्याक्तिगत विवरण सहित अहिलेको अवस्थाको बारेमा सबै कुराहरु भर्नु पर्ने हुन्छ । बिदेशमा भएका नेपाली कुटनैतिक नियोगहरुले उद्धार गरेर देश फर्किने वातावरण बनाउँदा प्राथमिकतामा राख्न सकियोस भनेर सो तथ्याकं संकलन गर्न लागिएको हो ।





# $ फलो द मनी

## संघिय सरकार

तिन पटक गरेर नेपाल सरकार
अर्थ मन्त्रालय मार्फत छुट्याईएको
**करिब १ अर्ब ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण,
रोकथाम तथा नियन्त्रण कोषमा जम्मा
**करिब २ अर्ब १६ करोड**

कोरोना भाईरस विरुद्धका गतिविधिमा
नेपाल सरकारले गरेको खर्च
**करिब १ अर्ब ५० करोड**



जम्मा | खर्च

## दाता

ए.डि.बि.
करिब ७ अर्ब २० करोड

विश्व बैंक
करिब ३ अर्ब ४८ करोड

आई.एम.एफ.
करिब १३ अर्ब ९ करोड

युरोपियन युनियन
करिब ९ अर्ब ८० करोड

| प्रदेश | जम्मा रकम | खर्च गरिएको रकम | बाँकी रकम |
|---|---|---|---|
| प्रदेश १ | करिब २८ करोड ८२ लाख | करिब १२ करोड ६ लाख | करिब १६ करोड ७६ लाख |
| प्रदेश २ | ६१ करोड | १७ करोड ७० लाख | ४३ करोड ३० लाख |
| बागमती प्रदेश | ४० करोड | १२ करोड ३२ लाख | १७ करोड ७५ लाख |
| गण्डकी प्रदेश | करिब १५ करोड | ९ करोड २० लाख | ५ करोड ८० लाख |
| प्रदेश ५ | २३ करोड ६० लाख | १३ करोड ६० लाख | १० करोड |
| कर्णाली प्रदेश | ५० करोड | १३ करोड २० लाख | ३६ करोड ८० लाख |
| सुदुरपश्चिम प्रदेश | करिब ४० करोड २७ लाख | २० करोड १९ लाख | २० करोड ८ लाख |

नोटः यो विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो।
थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं ।

# कोभिड - १९ को जोखिम न्यूनीकरण तथा जनजीवन सामान्यिकरणका लागि अवलम्बन गर्न सकिने उपाय:

## १. पुर्व तयारी: लकडाउन पुनरावलोकन गर्दा

### बाह्य उडान:



- संक्रमण हुदासम्म त्यस्ता देशतर्फ उडान बन्द गर्ने। उडान गर्नु नै पर्दा पि.सि.आर. परिक्षण रिपोर्टलाई आधार लिने।
- फर्कनेलाई क्वारेन्टाइनमा राखी आवश्यकता अनुरुप परीक्षण गरि घर पठाउने ।



### आन्तरिक उडान:

- संक्रमण रहुन्जेल परीक्षणको दायरा र दर वढाई परीक्षण रिपोर्टका आधारमा उडान गर्ने।
- उडानमा अन्य सिकिस्त विरामी वाहेकलाई परीक्षण खर्च ब्यहोर्न लगाउने ।
- विमान चालक र सहचालकको पुर्व स्वास्थ्य परिक्षण गर्ने ।

### सडक सवारी तर्फ:

संक्रमण रहुन्जेल,

- एक चालकमात्रको मो.सा.र साईकललाई चल्न दिने र कार, जिप, ट्याक्सी, ट्याम्पुमा एक चालक र पछाडि एक जनासम्म राख्न उपयुक्त हुने ।
- वस, मिनिवस, भ्यानमा विचको सिट खाली राखी एउटा रो को सिटमा एक जनामात्र राख्ने। यसमा यात्रु लागत वढ्ने हुँदा शुल्क निर्धारण गरिदिने ।
- गन्तव्यमा पुगेपछी क्वारेन्टाइनमा राख्ने ।
- माल वाहक साधनमा चालक र एक सहचालकमात्र वस्न उपयुक्त हुने ।
- सबै यात्रा र किनमेलमा शारीरिक र सामाजिक दुरि कायम राखी सेनिटाईजरको प्रयोग, मास्क र पन्जाको प्रयोगलाई अनिवार्य तुल्याउने ।





### खेती, उद्योग, विकास निर्माण, पसल सञ्चालन तर्फ:

- दुरी कायम, स्वयम् क्वारेन्टाइन, आफ्नो स्वास्थ्य उपकरणको ब्यवस्थालाई अनिवार्य गर्ने।
- स्वास्थ्य सामाग्री, स्वास्थ्यकर्मिलाई तालिम, ल्याब, उपचार, विमाका लागि लगानी वृद्धि गर्ने।
- एम्बुलेन्समा पि.पि.ई.सेटको सुनिश्चितता गर्ने ।
- सरकारी र निजि अस्पतालको उपचार स्थल तोक्ने ।
- फिल्डमा खटिने सुरक्षाकर्मी र तोकिएका ब्यक्तिको ब्यक्तिगत सुरक्षा सामाग्री, विमा र प्रोत्साहनको सुनिश्चितता गर्ने ।
- क्वारेन्टाइन लागत साझेदारीमा एकीकृत गर्ने ।

## २. प्रतिकार्य:

- शंकासपदको खोजी, सूचना संकलन, क्वारेन्टाइनको व्यवस्थापन गर्ने।
- आवश्यकता अनुरुप शिल समेत गरी परिक्षण र उपचार गर्ने, विरामीप्रति राम्रो ब्यवहार दर्शाउने।
- राहत: अशक्त वाहेकलाई तोकिएको स्थानको पूर्ण वा आंशिक समयमा काम सम्पन्न गर्ने गरी सम्बन्धीत वडाले शर्त सहित राहत वितरण गर्ने।
- वडालाई सबैको सहयोग हुनुपर्ने र वडाको समन्वयमा स्वयंसेवक परिचालन गर्ने ।
- सम्भव भएसम्म अनलाइन शिक्षण सुरु गर्ने।
- केन्द्र वढाई, दुरि कायम गरी, सेनिटाईजर, मास्क, पन्जाको प्रयोग गर्ने गरी परिक्षा लिन उपयुक्त हुने।
- आकस्मिक र फलोअप उपचार सेवा कडाईकासाथ संचालनमा ल्याउने।
- क्लस्टर तोकी अनुगमन, स्रोत ब्यवस्थापन, समन्वय, सूचना प्रवाह, अभिलेख राख्ने र प्रतिवेदन गर्ने।


प्रदीपराज कणेल
ईन्टिग्रिटी आईकन, २०१५

# आगामी हप्ताहरुमा संक्रमितको संख्यामा बृद्धी हुने सम्भावना छ

## क्वारेन्टाईनमा रहेका व्यक्तिहरु




अप्रिलको अन्तिम सातामा क्वारेन्टाईनमा रहेका व्यक्तिको संख्या पहिले भन्दा चार गुणाले बढेको देखिन्छ । मानिसहरु एक ठाउँबाट अर्को ठाउँमा जाँदा क्वारेन्टाईनमा बस्नु परेकोले यो संख्या बढेको हो भन्ने देखाउँछ । क्वारेन्टाईनमा रहेका धेरै व्यक्तिहरु अबको केही हप्ता त्यतै बस्नुपर्ने छ । यसले संक्रमितको संख्या बृद्धी हुनसक्ने सम्भावनालाई पनि बल पुऱ्याएको छ ।

स्रोत: HEOC, MOHP, # SitRep 73-86

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि अप्रिल महिना भित्र २००० भन्दा बढी व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219